TPO Nepal
PEACE OF MIND

SWC Regd.: 18158/2062/63
CDO Regd.: 644/2061/62
IRD: PAN: 301956147
Web: www.tponepal.org

बहुसांस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि.पि.ओ. नेपाल)
Transcultural Psychosocial Organization Nepal (TPO Nepal)

# आवश्यकता

बहुसांस्कृतिक मनोसामाजिक संस्था नेपाल (टि. पि. ओ. नेपाल) जिल्ला प्रशासन कार्यालय काठमाण्डौंमा दर्ता भई समाज कल्याण परिषद्‌मा आवद्ध भएको मनोसामाजिक सु-स्वास्थ्य र मानसिक स्वास्थ्यको क्षेत्रमा कार्यरत एक गैरसरकारी संस्था हो । यस संस्थाले स्थापनाकाल देखि नै नेपालका विभिन्न जिल्लाहरूमा समुदायमा आधारित भई सामान्य तथा आकस्मिक अवस्थाहरूमा मनोसामाजिक सहयोग पुर्‍याउनुका साथै मनोसामाजिक तथा मानसिक स्वास्थ्यका विषयमा तालिम तथा अनुसन्धानका कार्यहरू पनि सञ्चालन गर्दै आईरहेको छ ।

हाल यस संस्थाले UNDP को सहयोगमा सञ्चान भईरहेको **जाजरकोट र पश्चिम रुकुमका भूकम्प प्रभावित समुदायको लागि जीविकोपार्जनमा सुधार तथा विपत् पछि पूर्वअवस्था ग्रहण गर्ने क्षमता अभिबृद्धि कार्यक्रम** नामक परियोजनाका लागि १५ जना सामुदायिक मनोसामाजिक कार्यकर्ता आवश्यक परेको हुँदा तल उल्लेखित योग्यता पुगेका व्यक्तिहरूले तोकिएको मिति भित्र आवेदन पेश गर्नहुन अनुरोध गर्दछौं ।

**पदः-सामुदायिक मनोसामाजिक कार्यकर्ता**

**आवश्यक संख्याः- १५ जना**
**समयावधिः- तीन महिना**

**कार्यक्षेत्र/स्थानः-**

- **जाजरकोट जिल्लाको भेरी नगरपालिका (३ जना ), नलगाड नगरपालिका ( ३ जना ) र बारेकोट गाउँपालिका (३ जना )**
- **रुकुम पश्चिम जिल्लाको आठविसकोट नगरपालिका (३ जना) र सानीभेरी गाउँपालिका (३ जना )**

## भूमिका र जिम्मेवारीहरू:

- आधारभूत मनोसामाजिक सहयोग सम्वन्धी तालिममा सक्रिय रुपमा सहभागी हुने ।
- मनोसामजिक समस्या पहिचान भएका बालबालिका तथा किशोरकिशोरीहरूलाई आधारभूत मनौवैज्ञानिक सहयोग, आधारभुत भावार्नात्मक सहयोग तथा सिफारिश सहयोग प्रदान गर्ने ।
- विद्यालयका र समुदायबाट मनोसामाजिक कठिनाई भईरहेका व्यक्तिको पहिचान गरी मनोसामाजिक तथा मानसिक स्वास्थ्य सहयोगका लागि स्थापित मनोविमर्श केन्द्र तथा अन्य उपयुक्त स्थानमा सिफारिश गर्ने, समन्वय गर्ने तथा फलो.अप गर्ने ।
- आफ्नो पालिकामा काउन्सिलिङ केन्द्रको स्थापना, सचांलनमा सहयोग गर्ने, वकालत गर्ने त्यस केन्द्रमा आवश्यक सहयोग पुर्‍याउने ।
- विद्यालयका र समुदायमा रहेका बालबालिका तथा किशोरकिशोरीहरूको मनोसामाजिक सुस्वास्थ्य प्रवर्धनका लागि मनोसामाजिक सहयोग साथै सचेतना मुलक कार्यक्रम सञ्चालन गर्ने ।
- बालबालिका तथा किशोरकिशोरीहरूको अभिभावक र स्याहारकर्ताहरूलाई उनीहरूको मानसिक स्वास्थ्य तथा मनोसामाजिक सहयोग को अभिवृद्धि तथा संरक्षण सम्वन्धी सामूहिक कार्याशाला सञ्चालन गर्ने ।
- सुपरीवेक्षकसँग नियमित (दैनिक, साप्ताहिक, मासिक, त्रैमासिक) सुपरीवेक्षणमा सहभागी हुने ।
- विद्यालय, अभिभावक तथा स्थानिय तह, सरोकारवाला निकायसँग कार्यक्रम सञ्चानका लागि आवश्यक समन्वय गर्ने ।

सानीभेरी गाउँ कार्यपालिका
सिम्ली रुकुम (पश्चिम)
दर्ता नं. ......3.55......
मिति २०८१/४/२८

- परियोजना सञ्चालन भएको क्षेत्रमा नियमित भ्रमण गर्ने ।
- परियोजना, परियोजना संयोजक, संस्थाले मनोसामाजिक सहयोगका क्षेत्रमा आवश्यकता अनुसार क्रियाकलापमा समावेश गर्न सक्ने ।
- सहयोगका गतिविधि बारे सुपरभाईजर, अनुगमन तथा मुल्याङ्कन अधिकृत, परियोजना संयोजकलाई नियमित रुपमा प्रतिवेदन बुझाउने ।

## सीप, योग्यता,तथा अनुभव :

- १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।
- कम्तिमा SLC/SEE वा माध्यामिक विद्यालय तह वा सो सरहको योग्यता प्राप्त गरेको हुनु पर्ने । सो भन्दा माथिको योग्यतालाई बढी प्राथमिकता दिईनेछ ।
- नेपाली नगरिकता भएको हुनुपर्नेछ ।
- कुनै पनि आपराधिक क्रियाकलाप वा फौजदारी अभियोग नभएको हुनुपर्नेछ ।
- स्थानीय **नगरपालिका वा गाउँपालिकाको** बासिन्दा हुनुपर्नेछ ।
- समुदायमा राम्रोसँग घुलमिल भएर काम गर्ने क्षमता भएको हुनुपर्नेछ ।
- यस भन्दा अघि यसै पदमा अनुभव भएका, समुदायमा बालबालिका तथा किशोरकिशोरीहरू तथा महिला समुहसँग कार्य गरेको अनुभव भएको व्यक्तिलाई प्राथमिकता दिईनेछ ।
- कम्प्युटर सम्बन्धी आधारभूत ज्ञान भएको प्राथमिकता दिईनेछ ।

**आवेदन प्रकृया**

इच्छुक व्यक्तिले आवेदन पत्रका साथमा बायोडाटा, अनुभव हासिल गरेका प्रमाण पत्रका प्रतिलिपिहरु, शैक्षिक प्रमाण पत्र र नागरिकताको एक एक प्रति संस्थाको इमेल : **hrtponepal@tponepal.org.np** मा पेश गर्न सक्नुहुनेछ । इमेलको उपलब्धता नहुनेले तल उल्लेखित टि. पि. ओ. नेपालका सम्पर्क व्यक्तिलाई, स्थानीय पालिकामा कार्यरत मनोविमर्शकर्ताको माध्यमबाट वा प्रत्यक्ष भेटेर आफ्नो आवेदन फाइल पेश गर्न सक्नुहुनेछ । तोकिएको मिति भन्दा पछि बुझाइएको आवेदनलाई मान्यता दिइने छैन ।

**आवेदन फारम बुझाउने अन्तिम मिति : २०८२/०५/६ गते विहान १० बजे सम्म**

**सर्म्पक व्यक्तिः- तिलक चौधरी टि. पि. ओ. नेपाल, जाजरकोट फोन नं :- ९८४९००६५४५**

नोटः आवश्यक योग्यता पुगि छनौटमा परेका आवेदकहरूलाई मात्र अन्तरवार्ताका लागि बोलाईने छ । कृपया निवेदनमा आफ्नो भरपर्दो सम्पर्क नम्वर समावेश गर्नुहोस् । निवेदनमा आफ्नो ठेगानामा पालिका, वडा तथा कार्य गर्न चाहेको पालिका प्रष्ट खुलाउनु पर्नेछ ।

टि. पि. ओ. नेपाल आफ्नो जनशक्ति भित्र विविधता र समावेशीकरणका लागि प्रतिवद्ध छ साथै अल्पसङ्ख्यक, दलित, आदिवासी र अपाङ्गता भएका व्यक्तिहरूलाई आवेदन दिन प्रोत्साहित गर्दछ । सबै आवेदनहरूको गोपनीयता कायम गरिनेछ । टि. पि. ओ. नेपालले यौन शोषण र दुर्व्यवहार, यौन उत्पीडन र भेदभाव लगायत कुनै पनि प्रकारको उत्पीडन सहन गर्दैन ।

बहुसांस्कृतिक मनोसामाजिक संस्था नेपाल २०६२